# आरुघाट गाउँपालिकाको आर्थिक ऐन

## आरुघाट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक-०७५

आरुघाट गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
प्रदेश नेपाल

**प्रस्तावनाः आरुघाट गाउँपालिका**को आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम आरुघाट गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि **आरुघाट गाउँपालिका** क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** सम्पति कर सम्बन्धी व्यवस्था आबस्यकता अनुसार गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा लगाइने सवारी साधन कर प्रदेश कानुन बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा लगाइने विज्ञापन कर प्रदेश कानुन बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा लगाइने व्यवसाय कर प्रदेश कानुन बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसार हाट बजार वा पसलमा लगाइने बहाल बिटौरी शुल्क प्रदेश कानुन बमोजिम हुनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत लगाइने पार्किङ प्रदेश कानुन बमोजिम हुनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत लगाइने शुल्क प्रदेश कानुन बमोजिम हुनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरु लगाईने पर्यटन शुल्क प्रदेश कानुन बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा ४ नं. प्रदेश नेपाल

# अनुसूची २

## दफा ३ संग सम्बन्धित

## भूमि कर (मालपोत) दस्तुर :

| वारीको प्रकार | ०-५ रोपनी | ६-१० रोपनी | ११-२० रोपनी | २१-३० रोपनी | ३१ रोपनी भन्दा माथि |
|---|---|---|---|---|---|
| अव्वल | १२ | १४ | १६ | १८ | २० |
| दोयम | १० | १२ | १४ | १६ | १८ |
| सिम | ८ | १० | १२ | १४ | १६ |
| चाहार | ६ | ८ | १० | १२ | १४ |
| **खेतको किसिम** | | | | | |
| अव्वल | १६ | १८ | २० | २२ | २४ |
| दोयम | १४ | १६ | १८ | २० | २२ |
| सिम | १२ | १४ | १६ | १८ | २० |
| चाहार | १० | १२ | १४ | १६ | १८ |

***माथि जुनसुकै कुरा लेखिएको भएतापनि न्यूनतम शुल्क रु २० लिइनेछ । माथिको दररेट किस्ता किस्तामा नभई उच्चतमको आधारमा एकमुष्ठ लिइनेछ । उदाहरणको लागि राम भन्ने ब्यक्तिको ६ रोपनी अव्वल बारी छ भने ६ * १२ = ७२ तिर्नुपर्नेछ ।***

**अनुसूची-३**

## दफा ४ संग सम्बन्धित

**घर बहाल कर**

| | | | |
|---|---|---|---|
| १ | घर बहाल कर | व्यक्तिगत, प्रयोजन | २ प्रतिशत |
| | | ंघ,सस्था व्यवसायिक प्रयोजन | १० प्रतिशत |

# अनुसूची ४

## दफा ५ संग सम्बन्धित

**०७५/७६ को लागि स्वीकृत गरिएका व्यवसाय करको किसिम,श्रेणी र दररेट विवरण**

| सि.नं. | व्यवसायको नाम | श्रेणी | स्वीकृत दर |
|---|---|---|---|
| १. | मदिरा तथा चुरोट डिलर समेत थोक विक्रेता | | ४०००/- |
| २. | अन्य डिलर समेत थोक विक्रेता | क) ठूलो | ४०००/- |
| | | ख) मध्यम लगानीको आधारमा | ३०००/- |
| | | ग) (हल्का पेय पदार्थ) | २०००/- |
| ३. | निर्माण सामाग्री विक्रेता | क) एक भन्दा बढी डिलरसीप भएको | ५०००/- |
| | | ख) ठूलो स्तरको | ४०००/- |
| ४. | कम्प्युटर, टिभी, रेडियो घडी, मोवाइल | क) होलसेल (लगानीको आधारमा) | २०००/- |
| | कम्प्युटर, टिभी, रेडियो घडी, मोवाइल | ख) खुद्रा | १५००/- |
| | | ग) (मर्मत) | १०००/- |
| ५. | पेट्रोलियम पदार्थ | क) डिजेल, पेट्रोल पम्प | ५०००/- |
| | | ख) मट्टीतेल डिलर | १०००/- |
| | | ग) ग्यास डिलर | ३०००/- |
| | | घ) खुद्रा ग्यास विक्रेता | १५००/- |
| ६. | दैनिक उपभोग्य खाद्य पदार्थ | क) डिलर | १०००/- |
| | | ख) खुद्रा | ५००/- |
| ७. | खुद्रा पसल | | ५००/- |
| ८. | फेन्सी पसल | क) ठूलो | २०००/- |
| | | ख) सानो | १५००/- |
| | कपडा पसल | क) ठूलो | २०००/- |
| | | ख) मध्यम | १५००/- |
| | | ग) सानो | ७५०/- |
| ९. | सवारी साधन विक्रेता | क) मोटर साईकल, डिलर तथा सोरुम | ४०००/- |
| | | ख) जिप, कार, ट्याक्ट्र अन्य सोरुम | १००००/- |
| | | ग) साइकल | ५००/- |
| १० | नर्सिङ्ग होम, सामुदायिक अस्पताल | | ४०००/- |
| ११. | औषधि थोक विक्रेता र क्लीनिक | | २५००/- |
| १२. | क्लीनिक र औषधि पसल | | ३०००/- |
| १३. | आँखा क्लिनिक र चस्मा पसल | | ३०००/- |
| १४. | क्लिनिक र ल्याव | | ३०००/- |
| १५. | औषधि पसल | | १५००/- |
| १६. | डेन्टल क्लिनिक | | ३०००/- |
| १७. | विशेषज्ञ परामर्श आदि | क: कल्सन्टेन्ट्स | ३०००/- |
| | | ख: अन्य | १५००/- |
| १८. | निर्माण व्यवसायी नयाँ दर्ता | **घ वर्ग** | ५०००/- |
| | नविकरण | | १०००/- |
| १९ | होटल | क) लज सहित होटल | ३०००/- |
| | | ख) होटल मात्र | १५००/- |
| | | ग) सामान्य | ५००/- |
| २० | रेष्टुरेण्ट | क वर्ग | १५००/- |
| | | ख वर्ग | १०००/- |
| | | ग वर्ग | ५००/- |
| २१. | उद्योग (आरान वाहेक) | क: रेलिङ्ग तथा ब्लक उद्योग | ३०००/- |
| | | ख: आल्मुनियम तथा तामाका भाडा उद्योग | २०००/- |

| | | | |
|---|---|---|---|
| | | ग : बेकरी उद्योग | १५००/- |
| | | घ : क्रसर उद्योग | २००००/- |
| | | ङ: आल्मुनियम (इन्टेरियर) उद्योग | ४०००/- |
| २२. | गोवर ग्यास कम्पनी | | ५०००/- |
| २३. | सोलार डिलर | | ३०००/- |
| २४. | फर्निचर तथा काठ बिक्री वितरण (सः मिल) | | ३०००/- |
| २५. | फर्निचर सोरुम (पसल) | | २०००/- |
| २६. | छपाई तथा प्रकाशन | क : अफसेट प्रेस | ३०००/- |
| | | ख : छपाई तथा प्रकासन | १५००/- |
| २७. | कम्प्युटर इन्स्टीच्युट | | २०००/- |
| २८. | ड्राईभिङ्ग इन्स्टीच्युट | | ३०००/- |
| २९. | फ्याक्स, इन्टरनेट, साईवर, कुरियर्स सेवा मात्र | | १५००/- |
| ३० | वित्तिय कम्पनीहरु (नयाँ सञ्चालन) | क वर्ग | १५०००/- |
| | | ख वर्ग | १००००/- |
| | | ग वर्ग | ५०००/- |
| | | घ : सहकारी बैंक | ५०००/- |
| | | ङ: सहकारी | ५०००/- |
| | | च: मनी ट्रान्सफर | ३०००/- |
| ३१. | रेमिटान्स सेवा | | १५००/- |
| ३२. | विमा कम्पनी शाखा कार्यालय सञ्चालन | | ५०००/- |
| ३३. | निजी विद्यालयहरु | कः पूर्व प्रा.वि र नि.मा.वि सम्म | ५०००/- |
| | | खः मा.वि | १००००/- |
| | | गः उच्च मा.वि.,क्याम्पस | १५०००/- |
| ३४. | क,प्राविधिक शिक्षालय/भाषा प्रशिक्षण केन्द, टयूसन सेन्टर | | २०००/- |
| | ख,होष्टल | | १५००/- |
| | ग, फिजिकल फिटनेस ट्रेनिङ सेन्टर | | १५००/- |
| ३५. | वर्कसप | कः वस, ट्रक आदि मोटर पार्टस बिक्री मर्मत समेत | ३०००/- |
| | | खः मोटर साइकल, वर्कसप | १५००/- |
| | | गः टायर मर्मत तथा हावा भर्ने | १०००/- |
| | | घः गाडी धुने, क्लिनिङ सर्भिस सेन्टर | ५००/- |
| ३६. | वैदेशिक रोजगार सेवा | | ५०००/- |
| ३७. | व्युटी पार्लर | | १०००/- |
| ३८. | फोटो स्टुडियो | कः कलर ल्याव सहित फोटो स्टुडियो | ३०००/- |
| | | खः फोटो स्टुडियो | २०००/- |
| ३९. | टेलरिङ्ग | कः कपडा सहित टेलरिङ्ग | २०००/- |
| | | खः टेलरिङ्ग | १०००/- |
| ४० | हेयर कटिङ्ग | कः दुई सिट भन्दा माथि | १५०००/- |
| | | खः दुई सिट सम्म | १०००/- |
| ४१ | जुत्ता चप्पल पसल | कः होलसेल | ३०००/- |
| | | खः खुद्रा | २०००/- |
| | | गः जुत्ता चप्पल कस्मेटिक | १५००/- |
| | | घः सामान्य कस्मेटिक | ५००/- |
| ४२ | उत्पादन मूलक उद्योग | कः इटा उद्योग (चिम्नी) | १००००/- |
| | | ख. इटा उद्योग (भट्टी) | ५०००/- |
| ४३ | भाँडा पसल | | ३०००/- |
| ४४ | आर्टस व्यवसाय | कः डिजिटल फ्केक्स प्रिन्ट | २०००/- |
| | | खः पेन्टिङ. सेवा | ५००/- |
| ४५ | इलेक्ट्रिक पसल | क,होलसेल | ३०००/- |
| | | खः खुद्रा | १५००/- |
| ४६ | धागो टाँक पसल | | ५००/- |
| ४७ | माटोको भाडा बेच्ने पसल | | ५००/- |

| | | | |
|---|---|---|---|
| ४८ | सिसा, प्लाई, कार्पेट फेम आदि विक्रेता | | २०००/- |
| ४९ | खेलौना उपहार गिफ्ट विक्रेता | | १५००/- |
| ५० | केवुल नेटवर्क, डिजीटल टि.भी., डिसहोम विक्रेता | | २५००/- |
| ५१ | मासु पसल | १) कुखुरा | १०००/- |
| | | २) खसी, बोका | १०००/- |
| | | ग खसी, बोका र कुखुरा | १५००/- |
| | | ३) राँगा, वंगुर | १५००/- |
| ५२ | माछा पसल | | १०००/- |
| ५३. | दाना, अण्डा तथा ह्याचरी पसल | | २०००/- |
| ५४. | रासायनिक मल तथा एग्रोभेट | | १५००/- |
| ५५. | तरकारी तथा फलफूल पसल | | १५००/- |
| ५६. | ग्रिल उद्योग | क) लेथ मेसिन समेत | ३०००/- |
| | | ख, अन्य | २०००/- |
| ५७. | स्टेसनरी | क थोक विक्रेता | ३०००/- |
| | | ख खुद्रा विक्रेता | १५००/- |
| ५८. | आईस्कीम तथा दुग्ध सम्बन्धी परिकार | क) दुग्ध सम्बन्धी परिकार | १०००/- |
| | | ख) आइसक्रीम, मिठाई पसल | ५००/- |
| ५९. | **उद्योग** | | |
| | १) ज्याकेट तथा झोला | | १५००/- |
| | २) मसला उद्योग | | १०००/- |
| | ३) कुटानी पिसानी | क) सेलर होल्डर | १५००/- |
| | | ख) सानो | १०००/- |
| ६० | पुल हाउस | | ३०००/- |
| ६१. | सुन चाँदी ज्वयलर्स पसल | | ३०००/- |
| ६४ | कृषि फर्महरु (व्यबसायिक दर्ता) | १,पोल्टी फर्म | |
| | | क) १०१-५०० सम्म कुखुरा | ५००/- |
| | | ख) ५०१ देखि १००० सम्म कुखुरा | १०००/- |
| | | ग) १००१ देखि ५००० सम्म कुखुरा | २०००/- |
| | | घ) ५००१ भन्दा माथी कुखुरा | ३०००/- |
| | | ङ)१०० सम्म कुखुरा | ५००/- |
| | | २,फलफुल तथा तरकारी खेती | ५००/- |
| | | ३, गाई,वंगुर,वाखा पालन | १०००/- |
| | | ४,माछा पालन | १०००/- |
| | | ५, क, नर्सरी | १०००/- |

## अनुसूची ५ (दफा ६ संग सम्बन्धित )

### जडिबुटी,कवाडी र जीबजन्तु

| | | |
|---|---|---|
| हाड प्रति के.जी. | रु १ | कैफियत :ठुलो परिमाणमा ठेक्का पट्टा गर्ने हकको लागि यस रेट बमोजिम हुनेछ - |
| सिङ प्रति के.जी. | रु २ | |
| खुर प्रति के.जी. | रु २ | |
| छाला ठुलो प्रति के.जी | रु १ | |
| फलामको टुक्रा प्रति के.जी | रु २ | |
| पत्रिका प्रति के.जी | ५० पैसा | |
| कागज प्रति केजी | ५० पैसा | |
| बोतल सिसाको प्रति गोटा | रु १ | |
| बोतल सानो सिसाको प्रति गोटा | ५० पैसा | |
| प्लास्टिक प्रति के.जी. | रु १ | |

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा ४ नं. प्रदेश नेपाल

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
४ नं. प्रदेश नेपाल

## अनुसूची १२ (दफा १३ संग सम्बन्धित )

## सेवा शुल्क दस्तुर

| सि· नं· | सेवा तथा करका विवरण | स्वीकृत दररेट (रु मा) |
|---|---|---|
| १ | **नागरिकता सिफारिस** | |
| | क) बंशज | १००।- |
| | ख) अंगिकृत | १०००।- |
| | ग) नागरिकता प्रतिलिपी सिफारिस | २००।- |
| | घ)प्रचलित कानुन अनुसार प्रयोजित अधिकार बमोजिमको अन्य सिफारिस, प्रमाणित गर्ने | २००।- |
| २ | **पन्जीकरण तथा घटनादर्ता** | |
| | सामाजिक सुरक्षा भत्ताको लागि निबेदन र परिचय पत्र बनाउने | निशुल्क |
| | व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यू ,बसाइसराइ विवाह दर्ता ) | ३५ दिन भित्र निशुल्क ,<br>३५ दिनपछि ५०।-(जरीवाना) |
| | जन्ममिति प्रमाणित गर्ने (अंग्रेजी) | २००।- |
| | विवाहित वा अविवाहित प्रमाणित | ५००।- |
| | मृत्यू भएको प्रमाणित सिफारिस (अंग्रेजी) | २००।- |
| ३ | नाता प्रमाणित | न्युनतम २०० प्रति थप व्यक्ति रु १००।- |
| | संरक्षक प्रमाणित गर्न | २००।- |
| | नाबालक सिफारिस | १००।- |
| | जनजाति तथा दलित सिफारिस | २००।- |
| | जीवितसंग नाता प्रमाणित | २००।- |
| | जीवित रहेको सिफारिस गर्ने | २००।- |
| | हकवाला वा हकदार प्रमाणित गर्ने | २००।- |
| | नाम संशोधन सिफारिस | २००।- |
| | तीनपुस्ते प्रमाणित | २००।- |
| | पालनपोषणको लागि सिफारिस गर्ने | २००।- |
| ४ | चारित्रिक सिफारिस — नेपाली | २००।- |
| | चारित्रिक सिफारिस — अंग्रजी | ३००।- |
| ५ | ब्यक्तिगत विवरण प्रमाणित | २००।- |
| ६ | **विद्युत जडान सिफारिस** | ३००।- |
| | क) विद्युत ठाउँसारी सिफारिस | १००।- |
| ७ | **खानेपानी धारा जडान सिफारिस** | |
| | क) निजी (ब्यक्तिगत) | ३००।- |
| | ख) संस्थागत | ५००।- |
| ८ | **जग्गा तथा घरको नक्सा सम्वन्धी** | |
| | चार किल्ला प्रमाणित (क) १ कित्ताको | २००।- |
| | (ख) प्रति कित्ता थपको | ५०।- |
| | घर नक्सा पास प्रति वर्ग फुट क) पक्की | २।- |
| | नक्सा प्रमाणित | १०००।- |
| | घर नक्सापास संशोधन प्रति वर्ग फुट | ५० पैसा |
| | नक्सा पास प्रमाणपत्र प्रतिलिपी | २००।- |
| | घर नक्सा पास सर्जमिन | ५००।- |
| | घर नक्सा पास सम्पन्न प्रमाणपत्र प्रति तला | २०००।- |
| | **घर कायम सिफारिस** | |
| | (क) कच्ची | २००।- |
| | (ख) पक्की | ३००।- |

| | | | |
|---|---|---|---|
| | घर बाटो भएको प्रमाणित गर्ने | | ५००।- |
| | घर बाटो पाताल भएको प्रमाणित गर्ने | | ३००।- |
| | पुर्जामा घर कायम गर्न सिफारिस गर्ने | | ५००।- |
| | जग्गाधनी पुर्जा हराएको सिफारिस | | २००।- |
| | जग्गा मूल्यांकन सिफारिस प्रमाणित गर्ने | | ५००।- |
| | मोही लगत कट्टाको सिफारिस | | ५००।- |
| | मोही लगतको सिफारिस | | ५००।- |
| | घर जग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने (कर तिरेको प्रमाणित) | | २००।- |
| | जग्गाको हकदाबी सम्वन्धमा सिफारिस | | ५००।- |
| ९ | **अंशवण्डा सिफारिस** | | |
| | क) ५ रोपनी सम्म | | ४००।- |
| | ख) सो भन्दा माथि २० रोपनी सम्म | | ५००।- |
| | ग) २१ रोपनी भन्दा माथी | | ७००।- |
| | घ) कित्ताकाट गर्न सिफारिस | | ३००( थप प्रति कित्ता ५० ) |
| | ड) स्थलगत वडा सर्जमिन शुल्क | | ५००।- |
| १० | **पेन्सन पट्टा सिफारिस** | | |
| | क) नेपाली | | ५००।- |
| | ख) भारतीय सेना | | २०००।- |
| | ग) अन्य विदेशी | | ३०००।- |
| | घ) भारतीय प्रहरी (आयश्रोतको आधारमा ) | | |
| | आयश्रोत प्रमाणित सिफारिस | | ५००।- |
| ११ | विपन्न सिफरिस | | निशुल्क |
| | अचल सम्पती मूल्यांकन (Property Valuation) | | कुल रकमको ०.२ % |
| १२ | **व्यवसाय दर्ता तथा नविकरण सिफारिस** | | |
| | व्यवसाय दर्ता | | ५००।- |
| | निर्माण ब्यवसायी नामसारी | | ५००।- |
| | साना ब्यापार नामसारी | | ५००।- |
| | मझौला ब्यापार नामसारी | | ५००।- |
| | ठूला ब्यापार नामसारी | | ५००।- |
| | उद्योग नामसारी/ठाँउसारी | | ५००।- |
| | ब्यापार बन्द भएको वा हुँदै नभएको सिफारिस | | २००।- |
| | **संघ संस्था ,समूह दर्ता** | | |
| १३ | टोल विकास संस्था दर्ता | | २००।- |
| | बाल क्लब, युवा क्लव तथा समूह दर्ता | | २००।- |
| | पानीको मुल दर्ता | | २००।- |
| | **विद्यालय दर्ता सिफारिस** | | २००।- |
| | विद्यालको खोल्ने र अनुमति लिने | संस्थागत | ५०००।- |
| | | सामुदायिक | १०००।- |
| १४ | विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने | | ५००।- |
| | NGO कार्यसञ्चालन अनुमति अन्य सिफारिस | | ५००।- |
| | मिलापत्र कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने | | २००।- |
| १५ | निशुल्क उपचारको सिफारिस | | निशुल्क |
| १६ | कुकाठ तथा दाउराको कटान सिफारिस | | २००।- |
| १७ | **सहकारी नविकरण सिफारिस** | | ५००।- |
| | करोड सम्मको पूँजी | | २०००।- |
| | १ करोड देखि ५ करोड सम्मको पूँजी | | ४०००।- |
| | ५ करोड वा सो भन्दा माथिको पूँजी | | ६०००।- |

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा ४ नं. प्रदेश नेपाल